## कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर

# मौजुदा सूची दर्ता गर्नेसम्बन्धी सूचना

**कोषको लागि आ.व. २०८१/८२ को निमित्त आवश्यक पर्ने तपशिल वमोजिमका सामान आपुर्ति गर्न, निर्माण कार्य गर्न, परामर्श सेवा दिन तथा अन्य सेवा प्रदान गर्न कर्मचारी सञ्चय कोष (खरिद) नियमावली,२०७५ को नियम १९(१) बमोजिम मौजुदा सूची (Standing List) मा दर्ता हुन वा अद्यावधिक हुन चाहने कालोसुचीमा नपरेका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले देहायका कागजातको प्रतिलिपी संलग्न गरी कर्मचारी सञ्चय कोष (खरिद) नियमावली, २०७५ को नियम १९ को उप नियम (१) सँग सम्बन्धित कोषको वेवसाईट www.epf.org.np मा राखिएको अनुसूची ४ वमोजिमको ढाँचामा निवेदन दिनु हुन जानकारी गराइन्छ । उपरोक्त बमोजिमको सेवा कोषमा प्रदान गर्न ईच्छुक सम्वन्धित आपूर्तिकर्ताले कोषको केन्द्रीय कार्यालय पुल्चोकस्थित खरिद शाखा तथा कोषका शाखा कार्यालय तथा सेवा केन्द्रमा कार्यालय समयभित्र रितपुर्वक तोकिएको ढाँचामा आफूले गर्न चाहेको कार्यको लागि बिषयगत छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ । आवश्यक कागजात सहित रितपूर्वक भरिएको निवेदन उपर आवश्यक जाँचबुझ गरी योग्य देखिएमा कोषले मौजुदा सूचीमा दर्ता गरी अभिलेख राख्ने छ । कोषमा मौजुदा सूचीमा दर्ता भए पश्चात मात्र सम्वन्धित आपूर्तिकर्तासँग कोषले कारोवार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।**

**निवेदन साथ पेश गर्नु पर्ने प्रतिलिपि कागजातहरु :**

(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र,

(ख) स्थायी लेखा नं. (PAN) वा मु.अ.कर (VAT) दर्ताको प्रमाण पत्र ,

(ग) आ.व २०७९/८० को कर चुक्ता प्रमाणपत्र र आ.व. २०८०/८१ को कर विवरण पेश गरेको कागजात,

(घ) आवश्यकता अनुसारको सम्वन्धित निकायवाट प्राप्त व्यावसायिक इजाजत पत्र ।

## तपशिल

**१. मालसामानको आपूर्ति तर्फ**

(क) स्टेशनरी (मसलन्द)सामान

(ख) कम्प्यूटर उपकरण (कम्प्पूटर,प्रिन्टर,यू.पि.यस तथा.,अन्य उपकरण)

(ग) छपाई सम्वन्धी कार्य

(घ) ईलेक्ट्रीकल सामानहरु ( जेनेरेटर, Air Condition, CCTV, पंखा, हिटर तथा अन्य सामानहरु)

(ङ) फर्निचरहरु

(च) पुस्तक तथा पत्रपत्रिका

(छ) अफिस सामानहरु

(ज) सवारी साधनहरु (मोटरसाइकल, स्कूटर )

(झ) सवारी साधनको पार्टपूर्जा (टायर, टयूव,व्याट्री, एवं अन्य )

(ञ) धारा तथा वाथरुमका समानहरु

(ट) फ्लोरिङ्ग एण्ड फर्निसिङ्गका सामानहरु

**२. निर्माण /मर्मत सम्वन्धी कार्य तर्फ**

(क) कम्प्यूटर उपकरण(कम्प्पूटर,प्रिन्टर,यू.पि.यस तथा.,अन्य कम्प्यूटर उपकरण) मर्मत

(ख) ईलेक्ट्रीकल सामानहरु ( जेनेरेटर, Air Condition, CCTV, पंखा, हिटर तथा अन्य सामानहरु) मर्मत

(ग) सवारी साधन मर्मत

(घ) फर्निचर (काठ तथा स्टील दराज, टेवुल, कुर्सी, कम्प्युटर मेच आदि) मर्मत

(ङ) भवन मर्मत

(च) पार्टेसन सम्वन्धी

(छ) अन्य सानोतिनो निर्माण /मर्मत

३. **परामर्श सेवा तर्फ**

(क) द्रुत सेवा र ढुवानी सम्वन्धी सेवा
(ख) तालिम सेवा
(ग) सम्पत्ति वीमा तथा अन्य वीमा सेवा
(घ) कम्प्यूटर सफ्टवेयर निर्माण र आपूर्ति सम्वन्धी सेवा
(ङ) टेलिफोन, विद्युतीय उपकरण तथा अन्य उपकरण सञ्चालन सेवा
(छ) विज्ञापन/सूचना प्रकाशन सम्वन्धी सेवा
(ज) लिज लाईन तथा ईन्टरनेट सेवा
(झ) ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा
(ञ) ट्रान्सलेसन सेवा (नेपली वाट अंग्रेजी तथा अंग्रेजी वाट नेपालीमा रुपान्तरण)
(ट) धितोपत्र व्यवसाय दलाल सम्बन्धी सेवा
(ठ) सवारी साधन भाडामा लिने सम्बन्धी सेवा
(ड) लेखापरीक्षण फर्म सम्बन्धी
(ढ) अन्य विज्ञ सेवा

४. **अन्य सेवा तर्फ :**

(क) जार तथा वोतलको पिउने पानी
(ख) कुरियर सेवा
(ग) नेटवर्क वायरिङ्ग (केवुलिङ्ग) तथा ईलेक्ट्रीक वायरिङ्ग सम्वन्धी कार्य
(घ) हवाइ टिकट(ट्राभल एजेन्सि) सेवा
(ङ) सवारी साधन साजसज्जा (Decoration)का सामान आपूर्ति सम्वन्धी सेवा
(च) धुलाई सम्वन्धी सेवा
(छ) प्लम्वीङ्ग सम्वन्धी सेवा
(ज) चमेना गृह सञ्चालन, सरसफाई सेवा, सुरक्षा, वगैचा व्यवस्थापन, सेवा करार आदि
(झ) विविध

**थप जानकारी :**

(क) सूचीकृत हुन कोषले तयार गरेको सूची दर्ता फारम कोषको वेवसाईट www.epf.org.np मार्फत डाउनलोड गरी निवेदन भर्नु पर्नेछ ।
(ख) एक वा एक भन्दा वढी कार्य तथा सेवाका लागि निवेदन पेश गर्न चाहेमा माग गरेको कागजातहरु संलग्न गरी छुट्टा छुट्टै निवेदन पेश गर्नु पर्नेछ ।
(ग) सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानुन वमोजिम हुनेछ ।
(घ) कोषमा हाल सूचिकृत रहेका संस्था वा फर्महरुले आवश्यक कागजातहरु पेश गरी पुन सूचिकृत हुनुपर्नेछ ।
(ङ) उपत्यका बाहिरका कार्यालयहरुको हकमा देहायका शाखा कार्यालय तथा सेवा केन्द्रमा आवश्यक कागजातहरु पेश गरी सूचिकृत हुन सकिनेछ ।

| क्र.सं. | निवेदन पेस गर्ने कार्यालय तथा सेवा केन्द्र | ईमेल | फोन नं. |
|---|---|---|---|
| १ | शाखा कार्यालय, विराटनगर, मोरङ्ग | biratnagar@epf.org.np | ०२१ – ४७५७८४ |
| २ | शाखा कार्यालय, हेटौडा, मकवानपुर | hetauda@epf.org.np | ०५७ – ५२४३७७ |
| ३ | शाखा कार्यालय, जनकपुर, धनुषा | janakpur@epf.org.np | ०४१ – ४२२१६६५ |
| ४ | शाखा कार्यालय, पोखरा, कास्की | pokhara@epf.org.np | ०६१ – ४५८०५० |
| ५ | शाखा कार्यालय, बुटवल, रुपन्देही | butwal@epf.org.np | ०७१ – ५५४५१८ |
| ६ | शाखा कार्यालय, कोहलपुर, बाँके | kohalpur@epf.org.np | ०८१ – ५४१२८२ |
| ७ | शाखा कार्यालय, विरेन्द्रनगर,सुर्खेत | surkhet@epf.org.np | ०८३ – ५२३०६६ |
| ८ | शाखा कार्यालय, धनगढी, कैलाली | dhangadi@epf.org.np | ०९१ – ५२०६९२ |
| ९ | सेवा केन्द्र, धनकुटा | dhankuta@epf.org.np | ०२६ – ५२००४९ |